ठाकुरबाबा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
(शिक्षा, युवा तथा खेलकुद शाखा)

सैनवार ,बर्दिया
५ नं. प्रदेश, नेपाल

प.स.:२०७६/२०७७
च.नं. २५१

मिति: २०७६/०५/१६

विषय : राष्ट्रिय शिक्षा दिबस तथा अन्तराष्ट्रिय साक्षरता दिबस मनाउने सन्दर्भमा ।

श्री सबै सामुदायीक तथा संस्थागत बिद्यालयहरु

ठाकुरबाबा नगरपालिका, बर्दिया

***हामी सबैको प्रण, सार्वजनिक शिक्षा प्रणालीको सबलीकरण*** भन्ने आदर्श बाक्य सहित यहि मिति २०७६/०५/२२ का दिन राष्ट्रिय शिक्षा दिवस तथा अन्तराष्ट्रिय साक्षरता दिबस भव्य रुपमा मनाउन तपशिलका कार्यक्रमहरु सञ्चालन हुने भएकोले सबै बिद्यालयको सहभागिताका लागि अनुरोध छ ।

कार्यक्रमहरु

१.सेवा निर्वित हुनुहुने शिक्षकहरुलाई सम्मान गरिने ।

२.२०७५ को एसईई परीक्षामा उत्कृष्ट हुने बिद्यार्थीहरुलाई सम्मान गर्ने ।

३.सामूदायीक र संस्थागत बिद्यालयका उत्कृष्ट शिक्षकहरुलाई सम्मान गरिने ।

४.बिद्यालय स्तरका बिबिध प्रतियोगितात्मक क्रियाकलाप सञ्चालन गरी उत्कृष्ट बिद्यार्थीलाई पुरस्कृत गर्ने ।

५.बिबिध संस्कृतिक कार्यक्रम

प्रतियोगितात्मक क्रियाकलापहरु

सामूदायीक विद्यालय तर्फ

१. प्राथमिक तहकाका छात्रछात्रा विच गणित दौड प्रतियोगिता : हरेक बिद्यालयबाट १ जना छात्र र १ जना छात्रा सहभागी हुने ।

२. आधारभुत तहका छात्रछात्राहरुको हाजिरी जवाफ प्रतियोगिता : हरेक बिद्यालयबाट कम्तिमा १ जना छात्रा सहित ३ जनाको समूह सहभागी हुने ।

रामहरि रिजाल
उप-सचिव

# ठाकुरबाबा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
(शिक्षा, युवा तथा खेलकुद शाखा)

सैनवार ,वर्दिया
५ नं. प्रदेश, नेपाल

३.माध्यमिक तहका छात्रछात्राहरुको वक्तृत्वकला प्रतियोगिता : हरेक विद्यालयवाट १ जना छात्रा सहित २ जना सहभागी हुने शिक्षा दिवसको नारा नै वक्तृत्वकला प्रतियोगिता प्रतियोगिताको शिर्षक हुने ।

संस्थागत विद्यालय तर्फ : १. प्राथमिक तहकाका छात्रछात्रा विच गणित दौड प्रतियोगिता : हरेक विद्यालयबाट १ जना छात्र र १ जना छात्रा सहभागी हुने ।

२. आधारभुत तहका छात्रछात्राहरुको वक्तृत्वकला प्रतियोगिता : हरेक विद्यालयवाट १ जना छात्रा सहित २ जना सहभागी हुने सम्वृद्धिका लागि साक्षरता शिर्षक हुने ।

प्रतियोगितात्मक कार्यक्रम हुने स्थान र मिति र समय

स्थान : त्रिभुवन माध्यमिक विद्यालय ठाकुरवाबा १, भुरीगाउँ, वर्दिया

मिति: २०७६/०५/२१ गते शनिवार

समय : दिनको ११: ०० बजेबाट

विद्यालयहरुले सहभागी हुने विद्यार्थीको नमावलि विद्यालयको सिफारिस पत्र सहित मिति २०७६/०५/१८ भित्र शाखामा बुझाई सक्नु पर्ने छ ।

शिक्षा दिवसको मञ्चको कार्यक्रम हुने स्थान मिति र समय

स्थान : सिंहवाहिनी कवर्डहल, ठाकुरवावा २, रानीपुर, वर्दिया

मिति: २०७६/०५/२२ गते आइतबार

समय : दिनको ११: ०० बजेबाट

सवै विद्यालयहरु विद्यालयको झण्डा सहित विद्यालय व्यवस्थापन समितिका पदाधिकारी एव शिक्षक कर्मचारी स्टाफको सहभागीता अनिवार्य छ । तोकिएको विद्यालयवाट तोकिएको कक्षाका विद्यार्थी सहित उपस्थित हुने पर्ने छ । यस अघि वैठकबाट निर्णय भए अनुसारका विद्यालयहरुले सांस्कृतिक कार्यक्रममा सहभागि गराउने विद्यार्थीहरुको नामावली र गित मिति २०७६/०५/१९ गते सम्ममा यस शाखामा बुझाई सक्नुहुन अनुरोध छ ।

८/१३

रामहरि रिजाल

रामहरि रिजाल
उप-सचिव